# स्थानीय राजपत्र

## कावासोती नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

खण्ड : ३,  संख्या : ४  मिति : २०७७ पुस २१ गते मङ्गबार

**भाग - २**
**कावासोती नगरपालिका**

नेपालको संविधान बमोजिम कावसोती नगरकार्यपालिकाकाले बनाएको तल उल्लेखित बमोजिमको “ कावासोती नगरपालिकाकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५” सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

नगर कार्यपालिकाबाट पारित मिति : २०७७/०९/२१

**कावासोती नगरपालिकाकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गरिएको छ ।**

**परिभाषा**ः "कार्यविधि" भन्नाले कावासोती नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई बुझ्नु पर्नेछ ।

१. **कार्यविधिको दफा २ मा संशोधन**ः कार्यविधिको दफा २ को खण्ड (च) मा "अन्र्तवार्ता तथा सूचीकरण समिति" को सट्टा "छनौट समिति " भन्ने शब्दावली राखिएको ।

२. **कार्यविधिको दफा ४ मा संशोधन**ः (१) दफा ४ मा " सूचीकरण तथा " भन्ने शब्दावली झिकिएको ।

(२) उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (२क) थप गरिएको छ ।

(२क) उपदफा (१) बमोजिमको सूचना बमोजिम पर्न आएका आवेदनहरु प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भई सकेपश्चात स्वीकृत आवेदनकर्ताहरुले एक सय पूर्णाङ्कको लिखित परीक्षामा सहभागी हुनुपर्नेछ । उक्त परीक्षामा उत्तीर्ण हुन उम्मेदवारले कम्तिमा चालिस प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ।लिखित परीक्षाको पाठ्यक्रम पदपूर्तीको सूचनामा उल्लेख भए बमोजिम वा पदपूर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ । बस्तुगत प्रश्नप्रणाली अन्तर्गत हुने परीक्षामा गलत उत्तरका लागि बीस प्रतिशत अंक कट्टी हुने व्यवस्था गर्नु पर्नेछ ।

तर, पदपूर्ती समितिले आवश्यक ठानेकोमा बाहेक श्रेणीविहीन सरहको पदमा सेवा करार गर्दा वा दफा ३ बमोजिमका कुनै सेवासँग सम्बन्धित पदमा तीन महिना वा सोभन्दा कम अवधीको लागि सेवा करार गर्नुपर्ने पदमा लिखित परीक्षा अनीवार्य हुनेछैन ।यसरी लिखित परीक्षा नलिई सेवा करार गरिएको श्रेणीविहिन वाहेकका पदमा तिन महिना भन्दा बढी अवधी हुने गरी करार गर्न वा करार म्याद थप गर्न सकिनेछैन ।

(३) उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएकोः

(३) उपदफा (२क) बमोजिमको परीक्षामा उत्तीर्ण भएका उम्मेदवार वा सोही उपदफा बमोजिम लिखित परीक्षा अनीवार्य नगरिएका उपदफा (२) बमोजिम आवेदन दर्ता गराएका उम्मेदवारहरुको देहायबमोजिमको आधारमा मुल्याङ्कन गरी लिखित परीक्षा लिईएको भए सोको प्राप्ताङ्क समेतका आधारमा अन्तर्वार्ताको लागि छनौट गरिनेछ ।

क. शैक्षिक योग्यता वापत बढीमा ६० (साठी) अंक दिइनेछ। (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।

स्पष्टीकरणः यस दफा बमोजिम अंक गणना गर्दा सि.जि.पि.ए. मा लब्धाङ्क हुनेहरुको हकमा सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको प्रतिशतका आधारमा र सम्बन्धित विश्वविद्यालयले प्रतिशत निर्धारण नगरेको भएमा त्रिभुवन विश्वविद्यालयको सि.जि.पि.ए का लागि निर्धारण गरिएको प्रतिशतका आधारमा वा पदपूर्ती समितिले उचित ठानेको विधि बमोजिम प्रतिशत निर्धारण गर्नु पर्नेछ ।

ख. कार्य अनुभव वापत प्रति बर्ष २ अंकका दरले बढीमा १० अंकसम्म । यसरी अंक गणना गर्दा एक बर्षभन्दा कम अवधीको लागि दामासाहीले अंक प्रदान गरिनेछ ।

ग. स्थानीय बासिन्दालाई बढीमा १० अंक प्रदान गरिनेछ । स्थानीय बासिन्दा वापतको अंक प्रदान गर्दा कावासोसोती नगरपालिकाको बासिन्दा भएमा १० अंक र कावासोती नगरपालिका भन्दा बाहीर तर यस नगरपालिका रहेको जिल्लाका बासिन्दा भएमा ५ अंक प्रदान गरिनेछ।

घ. प्रयोगात्मक परीक्षाः पदपूर्ती समितिले आवश्यक ठानेमा कुनै उपकरण सञ्चालन वा सवारी साधन सञ्चालन वा कुनै प्राविधि सञ्चालन सँग सम्बन्धित पदको लागि ५० पुर्णाङ्कको प्रयोगात्मक परीक्षा लिन सक्नेछ। प्रयोगात्मक परीक्षा लिँदा प्रयोगात्मक परीक्षाको ढाँचा वा पाठ्यक्रम पदपूर्ती समितिले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (३क) र (३ख) राखिएको:(३क) उपदफा (३) बमोजिम अन्तर्वार्ताको लागि छनौट गर्दा माग संख्या र उत्तीर्ण उम्मेदवारहरुले उपदफा (३) बमोजिम मुल्याङ्कन गर्दा प्राप्त गरेका अंकका आधारमा अन्तर्वार्ताका लागि छनौट गरिने उम्मेदवारको संख्या निर्धारण गरी अन्तर्वार्ताको लागि उपस्थित हुनुपर्ने मिति, समय र स्थान तोकी वर्णानुक्रमका आधारमा उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ।

(३ख) उपदफा (३क) बमोजिम अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता वापत अधिकतमा २० अंक प्रदान गरिनेछ। अन्तर्वार्ताको अंक दिँदा बढीमा ७० प्रतिशत र कम्तिमा ४० प्रतिशत अंक प्रदान गरिनेछ।

३. **कार्यविधिको दफा ५ मा संशोधनः** कार्यविधिको दफा ५ को सट्टा देहाय बमोजिमको दफा राखिएको :

**५. छनौट समितिः** (१) यस कार्यविधि बमोजिम सेवा करारका लागि जनशक्ति छनौट गरी सेवा करारका लागि सिफारिश गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) पदपूर्ती समितिले तोकेको विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (ग) नगरपालिकाको सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य |
| (घ) नगरपालिकाको कर्मचारी प्रशासन हेर्ने शाखाका प्रमुख | सदस्य सचिव |

**स्पष्टीकरणः** यस दफामा "सरकारी सेवाको अधिकृत" भन्नाले नेपालको कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा अन्तर्गतका सरकारी निकायहरु वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थान वा निकायहरु, शैक्षिक प्रतिष्ठान वा विद्यालहरु, समितिहरु, प्राधिकरण, निगम, आयोग, विकास समिति वा सोही प्रकृतिका संगठित संस्थामा स्थायी, अस्थायी वा करारमा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई जनाउने छ।

(२) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) नगरपालिकाले दफा ३ बमोजिमका सेवासँग सम्बन्धित पदमा सेवा करारका लागि गरेको सूचना बमोजिम यस कार्यविधिको बमोजिम छनौट गर्ने।

(ख) लिखित परीक्षाको पाठ्यक्रम, मिति, समय र स्थान तोक्ने।

(ग) लिखित परीक्षाको लागि प्रश्नपत्र निर्माणकर्ता, मोडरेशन कर्ता, उत्तरपुस्तिका कोडिङ-डिकोडिङ, उत्तरपुस्तिका परीक्षक, उत्तरपुस्तिका परीक्षणको मापदण्ड, परीक्षा सञ्चालनका लागि परीक्षा केन्द्र, सुपरीवेक्षक, सहायक सुपरीवेक्षक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, लगायतका परीक्षा सञ्चालन र मुल्याङ्कन सम्बन्धी जनशक्ति तोक्ने,

(घ) प्रयोगात्मक परीक्षाको पाठ्यक्रम, ढाँचा र सम्बन्धित विज्ञ तोक्न।

(ङ) अन्तर्वार्ता सञ्चालन र अन्तर्वार्ताकार वा विज्ञ तोक्ने।

(च) सेवा करारका लागि यस कार्यबिधि बमोजिम योग्यताक्रम तोकी सफल र बैकल्पिक उम्मेदवारको सिफारिश गर्न र सूची प्रकाशन गर्न।

(छ) यस कार्यविधि बमोजिम छनौटका अन्य कार्यहरु गर्ने।

४. **कार्यविधिको दफा ६ को सट्टा देहाय बमोजिमको दफा ६ राखिएकोः**

**६. अन्तिम योग्यताक्रम निर्धारण र सिफारिशः** (१) दफा ४ को उपदफा (३) बमोजिम मुल्याङ्कन गर्दा प्राप्त गरेको जम्मा अंक र सोही दफाको उपदफा (५) बमोजिमको अन्तर्वार्ताबाट प्राप्त गरेको अंकको आधारमा अन्तिम योग्यताक्रम कायम गरी सेवा करारका लागि सूचना प्रकाशन गर्नुपर्दछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा सफल भएका उम्मेदवार र वैकल्पिक उम्मेदवारको समेत योग्यताक्रम अनुसार सूची प्रकाशन गरी सेवा करारका लागि कम्तिमा सात दिनको म्याद दिई सूचना पाटी र वेभसाईटमा सूचना प्रकाशन गर्नुपर्नेछ। सम्भव भए सम्म छिटो माध्यमबाट उम्मेदवारलाई जानकारी गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र सेवा करार गर्न नआएमा वा सेवा करार गरी सम्झौता बमोजिमको अवधि नै पुरा सेवा नगरी राजिनामा दिएमा वा सेवाबाट अलग भएमा योग्यताक्रम अनुसारको बैकल्पिक सूचीको उम्मेदवारलाई सेवा करारको सूचना दिई सेवा करार गर्न सकिनेछ।

तर, अन्तिम योग्यताक्रम अनुसारको सूची प्रकाशन भएको एक बर्षभित्रमात्र उपदफा (३) बमोजिम बैकल्पिक सूचीमा रहेका उम्मेदवारसँग सम्झौता गर्न सकिनेछ।

५. **कार्यविधिको दफा ७ मा संशोधनः** दफा ७ को उपदफा (६) को "पुनः परीक्षण, छनौट र" शब्दावली झिकिएको।

६. **अनुसूचीहरुमा संशोधनः** (१) अनुसूची १ देखि अनुसूची ५ सम्म कार्यालयको ठेगानामा "प्रदेश नं. ४" को सट्टा "गण्डकी प्रदेश" शब्दावली राखिएको।

(२) अनुसूची २ मा सूचनाको व्यहोरामा "दिनको २.०० बजे" को सट्टा "कार्यालय समयभित्र" भन्ने शब्दावली राखिएको।

आज्ञाले
यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत